नेपाल सरकार

गृह मन्त्रालय

**सशस्त्र प्रहरी बल प्रधान कार्यालय**

मद्दती तथा सेवा निर्देशनालय

हलचोक, काठमाण्डौ

**राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं.APF/NCB/D/R/02/2074/075**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०७४।०८।२८ गते।**

१. २०७४ साल माघ १ गते देखी २०७५ साल पौष मसान्तसम्म बर्ष १ (एक) को निमित्त डग शाखा, स.प्र.बल, नेपाल प्र.का., बलम्बुमा कार्यरत डग संख्या -३० वटाको लागि आवश्यक डग राशन सामाग्री बोलपत्रको माध्यमबाट आपूर्ति व्यवस्था गर्नुपर्ने भएकोले डग राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्ने सम्बन्धित निकायबाट ईजाजत प्राप्त ईच्छुक नेपाली बोलपत्रदाताहरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही ***शिलबन्दी बोलपत्र/e-bidding*** को माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र आह्वानको सूचना नं. | सामानको विवरण | परिमाण तथा इकाई | बेलपत्र जमानत रकम रु. | बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | APF/NCB/R/02/2074/075 | डग राशन | बोलपत्र कागजातमा उल्लेख भए अनुसार | १,५५,०००/- | ३,०००/- |

२. डग शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय बलम्बु, काठमाण्डौमा डग राशन सामाग्री आपूर्ति गर्नु पर्नेछ।

३. बार्षिक डग संख्या, आपूर्ति गर्नु पर्ने डग राशन सामाग्रीहरुको बार्षिक परिमाण, राशनको गुणस्तर, Specification, स्केल, बोलपत्र फाराम दस्तुर, पालना गर्नुपर्ने शर्तहरु लगायत अन्य कुराहरु यसै बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको छ।

४. बोलपत्रदाताले लिखित निवेदनसाथ मू.अ.कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व. ०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर, काठमाण्डौमा माथि तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई मिति २०७४/८/२८ गते कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।

५. बोलपत्रसाथ पेश गरिएका सम्पूर्ण प्रतिलिपि कागजातहरु Notary Public बाट प्रमाणित गराई सक्कलै छाप लगाई पेश गर्नुपर्नेछ। प्रमाणित प्रतिलिपिलाई फोटोकपी गरी पेश गरेमा मान्यता दिईने छैन।

६ बोलपत्रदाताले आफ्नो फर्म तथा कम्पनीको Letter Head मा सार्वजनिक खरिद नियमावली -२०६४ नियम ४० उप-नियम २ (ङ) मा उल्लेख भए बमोजिम खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा घोषणा गरेको पत्रमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म/कम्पनीको छाप भएको सक्कलै कागजात पेश गर्नु पर्नेछ।

७ **बोलपत्रसाथ को.ले.नि.का, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौ स्थित धरौटी खाता** नं. ११००२०३००००००, यस कार्यालयको कोड नं २७-३१४-७९ मा तोकिएको बोलपत्र जमानत रकम नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको “क” बर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कलै बोलपत्र जमानत पेश गर्नु पर्नेछ। सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तीमा १२० दिन हुनु पर्नेछ।

८. बोलपत्रदाताहरुले सिलबन्दी बोलपत्रसाथ बिगत ३ आ.ब.हरु (०७०/०७१, ०७१/०७२ र ०७२/०७३) मध्ये कुनै १ आ.ब.मा कुनै सरकारी निकाय वा निजि संस्थामा सन्तोषजनक रुपमा रु. २६,६५,०००।- (छब्बीस लाख पैसट्ठी हजार) रकम बराबरको डग राशन सम्बन्धी समाग्रीहरु आपूर्ति गरेको वा गरिरहेको सम्झौता रकम बराबरको कार्य खुलेको प्रमाणित कागजात पेश गर्नु पर्नेछ वा उल्लेखित अवधिको अनुभव नभएका नयाँ फर्म तथा कम्पनीहरुको हकमा सोही रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त “क” वर्गको कुनै बाणिज्य बैकबाट कार्य प्रयोजन खुलाएको सक्कलै Lines of Credit अनिबार्य पेश गर्नुपर्ने छ। प्रतिलिपि र प्रयोजन नखुलेको Lines of Credit लाई मान्यता दिईने छैन।

९. बोलपत्रदाताले बोलपत्र फाराममा कबोल अंक उल्लेख गर्दा आईटमवाईज तोकिएको इकाईमा मू.अ.कर बाहेकको दर केरमेट नगरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। डग राशनको आईटमवाईज दररेट कबोल गरी जोड जम्मा अनिवार्य गर्नु पर्नेछ।

१०. बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक- (Pre Bid Meeting) मिति २०७४/०८/२० गते १३०० बजे मद्दती तथा सेवा निर्देशनालय (आर्थिक प्रशासन शाखा) लेखा शाखा, स.प्र.बल, नेपाल प्र.का. हुने हुदा बोलपत्रदाताहरुले आवश्यक ठानेमा उक्त बैठकमा सहभागी हुन सक्नेछन्।

११. खरिद गरिएका बोलपत्र सम्बन्धी कागजात मिति २०७४/०८/२९ गते १२०० बजे भित्र मद्दती तथा सेवा निर्देशनालय (आर्थिक प्रशासन शाखा) लेखा शाखा, स.प्र.बल, नेपाल प्र.का.मा दर्ता गरी सक्नु पर्नेछ। । म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र सम्बन्धमा यस कार्यालय जवाफदेही हुने छैन।

(खडानन्द चौधरी)

सशस्त्र प्रहरी नायब महानिरीक्षक

१२. सलबन्दी गरी दर्ता भएका तथा e-submission भएका बोलपत्र फारामहरु मिति २०७४/०८/२९ गते १४०० बजे आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र खोलुवा समितिको रोहवरमा (आर्थिक प्रशासन शाखा) लेखा शाखामा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

१३. बोलपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ ।

१४. डग राशन आपूर्ति गर्ने करार अवधि भर कुनै किसिमको मूल्य बृद्धि दिईने छैन ।

१५. तथ्य बङ्गयाई वा भुक्याई नक्कली कागजात पेश गरेमा वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको ठहरिएमा वा बोलपत्रदाताले सिलबन्दी गरी पेश गरेको बोलपत्रमा बैंक जमानत संलग्न नभएको र डग राशन आईटमहरुको दररेट कबोल नगरी खाली बोलपत्र पेश गरेमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सुचीमा राख्नको लागि सम्बन्धित निकायमा सिफारिस गरिने छ ।

१६. बोलपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ ।

१७. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको फोन फोन.नं.०१-२०९२०१५ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

१८. यस डग राशन खरिद सम्बन्धी बिस्तृत सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np र बोलपत्र कागजातमा हेर्न सकिने छ ।

१९. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन -२०६३ र सार्बजनिक खरिद नियमावली -२०६४ तथा बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

२०. **e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि :**

१. यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal: www. bolpatra.gov.np बाट डग राशन खरिद सम्बन्धी e-bidding को कार्य गर्नेछ । उक्त Web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले राशन खरिद सम्बन्धी बोलपत्रमा भाग लिन सक्नेछन् ।

२. बोलपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु e-bidding Portal: www.bolpatra.gov.np मा Scanned Copy PDF Format मा Upload गर्नुपर्नेछ । साथै बोलपत्र फाराम दस्तुर बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल स्थित राजश्व खाता नं.१-१-००१, यस कार्यालयको कोड नं.२७-३१४-७९ को राजश्व शिर्षक नं. १४२२७ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्ने छ ।

३. e-submission मिति २०७४/०८/२९ गते १२०० बजे भित्र Scan गरी PDF Format मा Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोहि दिनको १४:०० वजे यस कार्यालयमा खोलिनेछ । खोल्ने समयमा बोलपत्र जमानत र बोलपत्र फाराम दस्तुर वापत राजश्व तिरेको भौचर र अन्य कागजातहरुको सक्कलै प्रति पेश गर्न बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि अनिवार्य उपस्थित हुनु पर्नेछ ।

४ e-submission भएका बोलपत्रहरु बोलपत्र खोल्ने समयमा Upload भएको नदेखिएमा Upload भएको कागजात प्रष्टसंग नबुझिएमा Download हुन नसकेमा वा नभएमा Download भएको कागजात नखुलेमा कार्यालय कुनै किसिमको जवाफदेही हुने छैन ।

<u>पूनश्चः</u> *एकै बोलपत्रदाताले सिलबन्दी बोलपत्र/ e-bidding मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्ने छन् ।*

नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय भर्ती तथा सेवा निर्देशनालय हलचोक, स्वयम्भू, काठमाडौं

(खड्गमणि खरी)
सशस्त्र प्रहरी नायब महानिरीक्षक